आज मिति २०८३ जेठ २० गते मंगलबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.ब. २०८२/८३ को चौधौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री कमल भट्टराई | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स/प्रवक्ता | श्री वच्चुराज वस्याल | | |

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा ।</td><td>अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।</td><td>यसै साथ संलग्न सूची बमोजिमका सम्पन्न आयोजनाहरुको नगर/वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई पेश भएको प्रतिवेदन उपर छलफल भई उक्त अनुगमन प्रतिवेदनहरु अनुमोदन गरियो । साथै, आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने ।</td></tr>
<tr><td>३</td><td>आगामी ३ बर्षको वडागत तथा बिषयशाखा गत बजेट सीमा निर्धारण तथा मार्गदर्शन सम्बन्धमा ।</td><td>
१. आ.ब.२०८३/८४- २०८४/८५ को अनुमानित बजेट सिलिङ्गको संशोधन र आ.ब. २०८५/८६ को अनुमानित बजेट सीमा निर्धारणको लागि वडागत वजेट सिलिङ्गको आधार तपशिल वमोजिम तय गरी सोहि आधारमा तिन वर्षको वडागत वजेट सिलिङ्ग उपलव्ध गराउने ।साथै विषयगत शाखाहरुलाई चालु आ.ब. अनुसारनै उपलव्ध गराउने ।
<table>
<tr><td>जनसंख्या ( २०%)</td><td>भूगोल (१०%)</td><td>चालु आ.ब.को हाल सम्मको प्रगति (१०%)</td><td>विकास को हालको अवस्था (२०%)</td><td>राजस्व परिचालनको अवस्था (१०%)</td><td>खर्चको आवश्यकता (२०%)</td><td>लागत सहभागिताको अवस्था (१०%)</td></tr>
</table>
२. आ.ब.२०८३/८४ को लागि वडागत बजेटको कूल सीमा रु. ३१ करोड तोक्ने ।<br>
३. उल्लेखित आधारवाट सिलिङ्ग तय गर्दा न्यूनतम २ करोड ५० लाख भन्दा कम हुने वडाहरुलाई न्यूनतम रकम २ करोड ५० लाख कायम गर्ने । प्रत्येक वडाको लागि तोकिएको बजेट सिलिङ्ग मध्ये तपशिल बमोजिम विषय क्षेत्रगत विनियोजन गरिनेछ । साथै विषयगत शाखाहरुलाई चालु आ.व.मा तोकिए बमोजिमनै सिलिङ्ग तय गर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>विषय क्षेत्र</th><th>बजेट विनियोजन प्रतिशत</th><th>कै.</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४</td><td></td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>८</td><td></td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>८०</td><td></td></tr>
<tr><td>४</td><td>वन वातावरण तथा विपद् व्यवस्थापन</td><td>४</td><td></td></tr>
<tr><td>५</td><td>सुशासन तथा संस्थागत विकास</td><td>४</td><td></td></tr>
</table>
४. आ.ब.२०८३/८४ को आधार वर्षको सिलिङ्गमा प्रतिवर्ष १० प्रतिशतका दरले थप गर्दै
</td></tr>
</table>

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | आ.ब. २०८४/८५ र २०८५/८६ को बजेट सिलिङ्ग निर्धारण गर्ने ।(बजेटको अवस्था अनुसार)<br>५. पूर्वाधार तर्फको आयोजना छनौट गर्दा ठूला र दीर्घकालिन आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।<br>६. सम्भव भए सम्म पोखरी निर्माण, खुल्ला व्यायामशाला निर्माणको आयोजना समावेश गर्नु पर्ने ।<br>७. वातावरण संरक्षण, सरसफाई एवं वृक्षारोपण कार्यक्रमहरु समावेश गर्नु पर्ने । हरेक वडामा सार्वजनिक शौचालय निर्माणको संभावित स्थल पहिचान गरी पेश गर्नु पर्नेछ ।<br>८. हरेक वडामा सम्भव भए सम्म कृतिम पोखरी, रिचार्ज केन्द्रहरु निर्माणको लागि स्थान पहिचान गरी छनौट गर्नु पर्ने ।<br>९. नगरसभाबाट विनियोजन ऐन मार्फत स्वीकृत हुने आयोजना तथा कार्यक्रमहरु आयोजना बैकमा प्रविष्ट गरी पठाउनु पर्ने।<br>१. आयोजना तथा कार्यक्रम छनौट गर्दा नगरपालिकाको दीर्घकालिन सोच, आवधिक योजना, मध्यमकालिन खर्च संरचना लगायतका आधारहरु लिनु पर्ने । |
| ४ | आ.ब.२०८३/८४ को नीति तथा कार्यक्रमको मस्यौदा तयार सम्बन्धमा । | आ.ब.२०८३/८४ को नीति तथा कार्यक्रमको मस्यौदा तयारीको लागि नगरप्रमुखज्यूको संयोजकत्वमा बिषयगत समितिका संयोजक सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी समिति गठन गर्ने । |
| ५ | नगरसभाको १९ औं अधिवेशन आव्हान सम्वन्धमा | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ र बागमती प्रदेशसभाबाट जारी भएको गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ बमोजिम टोखा नगरपालिका नगरसभाको १९ औं अधिवेशन बैठक मिति २०८३ असार ५ गते शुक्रबारका दिन दिनको १:०० बजे नगरपालिकाको सभाहलमा बस्ने गरी आब्हान गर्ने । |
| ६ | 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा। | टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तपशिलका निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने । |

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १. | कृष्ण वैष्णवी निर्माण सेवा प्रा.लि. | टोखा-१० | |
| २. | अमिषा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ | |
| ३. | एषणा बिल्डर्स प्रा.लि. | टोखा-९ | |
| ४ | उन्नति इन्फ्रास्ट्रक्चर बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | टोखा-११ | |
| ५ | क्राफ्टम्यान कन्स्ट्रक्सन एण्ड सप्लायर्स सर्भिसेस प्रा.लि. | टोखा-११ | |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | |
|---|---|---|---|---|---|
| | | ६ | गामा इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन सर्भिसेज प्रा.लि. | टोखा-११ | |
| | | ७ | मनिराम सप्लायर्स सोलुखुम्बु प्रा.लि. | टोखा-६ | |
| | | ८ | लच्याङ बिल्डर्स प्रा.लि. | टोखा-३ | |
| | | ९ | कृतिविनायक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ | |
| | | १० | भेरोन इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-११ | |
| | | ११ | थापाकाजी ईन्फ्रा प्रा.लि. | टोखा-११ | |
| ७ | निर्माण कार्यको अनुदान निकासा हस्तान्तरण सम्बन्धमा । | १. टोखा नगरपालिका ३ नं. स्थित ट्युवेल सञ्चालनको लागि यस कार्यालयबाट अनुरोध भएकोमा (Supply of 8" MS casing pipe for rehabilitation of Deep tubewell at Tokha ward no-3, Supply and Installation of GI Pipe and Fittings with construction of discharge head at Manakamana well) उल्लेखित कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि. इलेक्ट्रो मेकानिकल शाखाको मिति २०८३-०२-०४,च.नं. ३२२ को पत्रानुसार प्राप्त लागत अनुमान रु. १७७७४८२.६४ रकम नगरसभाको १७ औं अधिबेशनको सि.नं. ३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रकम विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. इलेक्ट्रो मेकानिकल शाखालाई रु. १७,७७,४८२.६४ अनुदान निकासा उपलव्ध गराउने ।<br>२. टोखा नगरपालिका वडा नं. ३ सुर्यदर्शन हाईटमा ४ इन्चको HDPE पाईपमा चाबी राखी १.५ इन्च HDPE पाईपलाईन इन्टकनेक्सन गरी खानेपानी संचालनको लागि ३ नं. वडा कार्यालयको मिति २०८३/२/१२,च.नं. ५४३८ को पत्रसाथ काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाराजगञ्जबाट प्राप्त लागत अनुमान रु. ८५,५०४.४६ नगरसभाको १७ औं अधिबेशनको सि.नं. ३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रकम विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाराजगञ्ज शाखालाई रु. ८५,५०४.४६ अनुदान निकासा उपलव्ध गराउने ।<br>३. टोखा नगरपालिका वडा नं. ३ ढलमलमा खानेपानीको पाईपलाईन इन्टर कनेक्सन खानेपानी संचालनको लागि ३ नं. वडा कार्यालयको मिति २०८३/२/१९,च.नं. ५४९२ को पत्रसाथ काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाराजगञ्जबाट प्राप्त लागत अनुमान रु. ३८४३७७.२१ नगरसभाको १७ औं अधिबेशनको सि.नं. ३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रकम विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका | | | |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | खानेपानी लिमिटेड, महाराजगञ्ज शाखालाई रु. ३,८४,३७७.२१ अनुदान निकासा उपलव्ध गराउने ।<br>४. टोखा नगरपालिका वडा नं. १० स्थित गोगंबुं गणेशस्थान वरीपरिक्षेत्रमा पुराना काठको बिजुलीको पोल वदलीका लागि नेपाल विद्युत प्राधिकरणमा अनुदान निकासा उपलव्ध गराउनको लागि १० नं. वडा कार्यालयको मिति २०८३/०२/०८,च.नं. २२७६ को पत्रसाथ नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, बागमती प्रादेशिक कार्यालय, बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्र, बसुन्धरा, काठमाडौंबाट प्राप्त लागत अनुमान रु. ३,९७,३६३.९७ नगरसभाको १७ औं अधिबेशनको सि.नं. ११४६ मा विनियोजित रकम मध्येबाट नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, बागमती प्रादेशिक कार्यालय, बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्र, बसुन्धरा, काठमाडौंबाट स्वीकृत लागत अनुमान बमोजिम रकम विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, बागमती प्रादेशिक कार्यालय, बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्र, बसुन्धरा, काठमाडौंलाई रु. ३९७३६३.९७ अनुदान निकासा उपलव्ध गराउने ।<br>५. टोखा नगरपालिका वडा नं. ६ स्थित शुभवस्तीमा ४ इन्चको HDPE पाईपमा चाबी राखी २ इन्च HDPE पाईपलाईन इन्टकनेक्सन गरी खानेपानी संचालनको लागि ६ नं. वडा कार्यालयको मिति २०८३/२/७,च.नं. ३०३३ को पत्रसाथ काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाराजगञ्जबाट प्राप्त लागत अनुमान रु. १,२६,७६०.२६ नगरसभाको १७ औं अधिबेशनको सि.नं.३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रकम विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाराजगञ्ज शाखालाई रु. १,२६,७६०.२६ अनुदान निकासा उपलव्ध गराउने ।<br>६. टोखा नगरपालिका वडा नं. ६ स्थित सुवर्णशमशेर पार्कमा रहेको ट्रान्फर्मर स्थानान्तरणका लागि ६ नं. वडा कार्यालयबाट भएको पत्राचार अनुसार नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, बागमती प्रादेशिक कार्यालय, बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्र, बसुन्धरा, काठमाडौंबाट प्राप्त लागत अनुमान रु. २३४४११.७४ नगरसभाको १७ औं अधिबेशनको सि.नं. ३२७ मा विनियोजित रकम मध्येबाट नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, बागमती प्रादेशिक कार्यालय, बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्र, बसुन्धरा, काठमाडौंबाट स्वीकृत लागत अनुमान बमोजिम रकम विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | गर्ने गरी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, बागमती प्रादेशिक कार्यालय, बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्र, बसुन्धरा, काठमाडौंलाई रु. २३४४११.७४ अनुदान निकासा उपलब्ध गराउने । |
| ८ | मध्यस्थको शुल्क भुक्तानी सम्बन्धमा । | यस नगरपालिका र गौरा श्रृङ्खला जेभी पक्ष/ विपक्ष भएको टोखा नगरपालिकाको प्रशासकीय भवन निर्माणमा भएको भुक्तानी सम्वन्धी विवाद समाधानको लागि नगरपालिकाको तर्फबाट नियुक्त भएका मध्यस्थ श्री Dispute Resolution Center Nepal – DRC बाट मिति २६ मे २०२६ को पत्र मार्फत अनुरोध भई आए बमोजिम यस कार्यालयले व्यहोर्नु पर्ने मध्यस्थ शुल्क तथा अन्य प्रशासनिक खर्च वापतको हाल सम्म भुक्तानी हुन बाँकी रकम नगरसभाबाट सेवा तथा परामर्श खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट Dispute Resolution Center Nepal – DRC लाई भुक्तानी उपलब्ध गराउने । |
| ९ | भू-उपयोग क्षेत्र बर्गीकरण सम्बन्धमा । | भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम टोखा नगरपालिका क्षेत्रभित्र रहेका जग्गाहरुको भू-उपयोग क्षेत्र बर्गीकरण सम्बन्धी विवरण स्वीकृत गर्ने । साथै उक्त स्वीकृत विवरण भू-उपयोग नियमावली, २०७९ को नियम ५ को उपनियम (५) बमोजिम संघीय भू-उपयोग परिषद, प्रदेश भू-उपयोग परिषद्, नापी विभाग, भूमिप्रशासन कार्यालय, डिल्लीबजार र टोखा एवं नापी कार्यालय, डिल्लीबजार र टोखामा पठाउने । |
| १० | आयोजना /कार्यक्रम स्वीकृत गरी रकम विनियोजन गर्ने सम्बन्धमा । | १.वडा नं. ११ स्थित ह्यापीहोम योग साधाना केन्द्रमा योग प्रशिक्षण शिविर एवं स्वास्थ्य शिविर संचालनको कार्यक्रम स्वीकृत गरी कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट उक्त कार्यक्रमको लागि रु. १ लाख विनियोजन गर्ने ।<br>२.वडा नं. ६ स्थित श्रीस्टार आसपासका सार्वजनिक जग्गामा तारवार एवं संरक्षणको आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२२ मा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम विनियोजन गरी सार्वजनिक जग्गा संरक्षणको कार्य अगाडि बढाउने ।<br>३.टोखा नगरपालिका वडा नं. २ स्थित मिलिजुली क्लबको कार्यालय संचालनको लागि (कार्यालय टेवल थान-१,कम्प्युटर थान-१, प्रिन्टर थान-१, प्लाष्टिक कुर्सी थान-२०, दराज थान-१ र स्पिकर-माईक, थान-१) सम्बन्धित शिर्षकबाट खरिद गरी हस्तान्तरण गर्ने ।<br>४.टोखा नगरपालिकाका मुख्य मुख्य विभिन्न सडक खण्डमा स्पिड ब्रेकर राख्नको लागि प्राविधिक लागत अनुमान तयार गरी सोहि लागत अनुमान बमोजिमको रकम स्रोत सुनिश्चित गरी प्रकृया अगाडि बढाउने ।<br>५.वडा नं. ९ मा १५ दिने मेकअप तालिम संचालनको कार्यक्रम स्वीकृत गरी कार्यक्रम खर्च शिर्षमा विनियोजित रकम मध्येबाट रु ३ लाख विनियोजन गर्ने ।<br>६.गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन अन्तर्गत फेन्सी जुत्ता चप्पल सीप विकास तालिम संचालनको लागि लघु उद्यम शाखाबाट पेश भए बमोजिम नपुग रकम रु. ९५४००/- १७ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| ११ | कार्यक्रम संशोधन सम्बन्धमा । | १. नगरसभाको १७ औं अधिवेशनको सि.नं. ७५६ मा फास्टफुड बनाउने तालिम शिर्षकको कार्यक्रम स्वीकृत भई रकम समेत विनियोजन भएकोमा उक्त स्वीकृत कार्यक्रमबाट आगामी नगरसभाबाट अनुमोदन हुने गरी अचार बनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. नगरसभाको १७ औं अधिवेशनको सि.नं. ७५६ मा स्वरोजगार तालिम अन्तर्गत ग्राफिक्स डिजाइनिङ तथा साइटोग्राफी, सामाजिक उद्यमशीलता, योजना निर्माण सहितको उत्प्रेरणा कार्यक्रम शिर्षकको कार्यक्रम स्वीकृत भई रकम समेत विनियोजन भएकोमा उक्त स्वीकृत कार्यक्रमलाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी उद्यमशिलता तथा व्यावसायिक योजना सहित उप्रेरणा कार्यक्रम संचालन गर्ने ।<br>३. टोखा नगरपालिकाको सामाजिक विकास अन्तर्गत नगरवासी क्यान्सर तथा किड्नी रोगीहरुलाई दिईदै आएको सहयोग रकम साविकमा विनियोजन भएको रकम नपुग भएकोले उक्त शिर्षकमा रु ५ लाख थप गर्ने । |
| १२ | विस्तृत परियोजना प्रतिवेदन स्वीकृत सम्वन्धमा । | टोखा नगरपालिका वडा नं. ४ स्थित Tokha municipality ward 4 Detailed Engineering Desgin,Soil Test and Preparation of analysis Report of Lampakha Landslide Area सम्वन्धी कार्यको लागि सम्वन्धित परामर्शदाताबाट पेश भएको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत एवं स्वामित्व ग्रहण गरी सम्झौता बमोजिम रकम भुक्तानी उपलव्ध गराउने । |
| १३ | भेरिएसन स्वीकृत सम्वन्धमा । | १. टोखा नगरपालिका वडा नं. ८ स्थित वहुउदेश्यीय भवन निर्माण ( ठेक्का नं. 41/NCB/TM/W/2080-81) कार्यको लागि Bishranti Construction Pvt.Ltd.Kathmandu सँग मिति २०८१-९-१ मा सम्झौता भएकोमा फिल्डको आवश्यकता अनुसार साविक सम्झौतामा समावेश भएको भन्दा अतिरिक्त थप/घट परिमाण कार्य गर्नु पर्ने भएकोले उक्त थप घट गर्नुपर्ने कार्यको परिमाण निर्माण व्यवसायीले कबोल गरेको दर बमोजिम हिसाव गर्दा हुन आउने थप रकम रु. २१४५६२२.१६ (भ्याट वाहेक) (VO 2) र यस अघि स्वीकृत भएको vo रकम रु. ३२०३६३४.८४ (भ्याट वाहेक) (Vo-1) गरी हाल सम्मको कूल vo रकम (बढी) रु. ५३४९२५७.०० (भ्याट वाहेक) अर्थात सम्झौता रकमको १०.८६ प्रतिशत भेरिएसन(बढी) स्वीकृत गरी दोस्रो पटकको भेरिएसन बमोजिम (vo-2) को कार्य गर्न सम्बन्धित निर्माण व्यवसायीलाई भेरियसन आदेश जारी गर्ने ।<br>२. टोखा नगरपालिका वडा नं. ११ स्थित वनदेवी सामुदायिक भवन निर्माण ( ठेक्का नं. ४२/ NCB/TM/W/२०८०-८१) कार्यको लागि DS/SR Builders J.V,Gokarneshwor सँग मिति २०८२-२-१२ मा सम्झौता भएकोमा फिल्डको आवश्यकता अनुसार साविक सम्झौतामा समावेश भएको भन्दा अतिरिक्त थप/घट परिमाण कार्य गर्नु पर्ने भएकोले उक्त थप घट गर्नुपर्ने कार्यको परिमाण निर्माण व्यवसायीले कबोल गरेको दर बमोजिम हिसाव गर्दा हुन आउने शुरु सम्झौता रकम ३७०१८७६५.६५ (भ्याट वाहेक) भन्दा घटी रकम रु. २२६९८३८.१० (भ्याट वाहेक) अर्थात ६.१३ प्रतिशत घटी तथा |

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>Vo-1 सहितको परिमार्जित सम्झौता रकम रु. ३३०९५१९३.९४ (भ्याट बाहेक) भन्दा बढी रकम रु. १६५३७३३.६१ (भ्याट बाहेक) अर्थात ५.०० प्रतिशत बढी भेरिएसन (VO 3) स्वीकृत गरी तेस्रो पटकको भेरिएसन बमोजिम (VO-3) को कार्य गर्न सम्बन्धित निर्माण व्यवसायीलाई भेरियसन आदेश जारी गर्ने ।</td></tr>
<tr><td>१४</td><td>करारका कर्मचारीहरुलाई महंगीभत्ता उपलव्ध गराउने सम्बन्धमा ।</td><td>टोखा नगरपालिकामा कार्यरत करारका कर्मचारीहरुलाई सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम २०८२ पुस देखि लागु हुने गरी नेपाल सरकारले निर्धारण गरे बमोजिम महंगीभत्ता उपलव्ध गराउने ।</td></tr>
<tr><td>१५</td><td>भ्रमण स्वीकृत सम्बन्धमा ।</td><td>१. टोखा नगरपालिका वडा नं. ७ का वालबालिका, जनप्रतिनिधि लगायतको प्रतिनिधि मण्डलको बालमैत्री वडा घोषणाको तयारीको लागि अध्ययन अवलोकन भ्रमण स्वीकृत गर्ने ।<br>२. टोखा नगरपालिका वडा नं. ३ का जनप्रतिनिधी, कर्मचारी, बालबालिका तथा स्वंयमसेविकाहरुको अध्ययन अवलोकन भ्रमण स्वीकृत गर्ने ।<br>३. टोखा नगरपालिका वडा नं. २ का जनप्रतिनिधी, कर्मचारी, बालबालिका तथा स्वंयमसेविकाहरुको अध्ययन अवलोकन भ्रमण स्वीकृत गर्ने ।</td></tr>
<tr><td>१६</td><td>सवारी साधन मर्मतको भुक्तानी सम्बन्धमा ।</td><td>नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।<br>४.
<table>
<tr><th>क्र.स</th><th>सवारीको विवरण</th><th>भुक्तानी गर्नु पर्ने /रकम</th><th>सवारी प्रयोगकर्ता/ चालक</th></tr>
<tr><td>१</td><td>बा.२.ब ३७२७</td><td>९६१८/७२</td><td>प्रकाश भण्डारी</td></tr>
</table></td></tr>
<tr><td>१७</td><td>बालमैत्री वडा घोषणा सम्बन्धमा ।</td><td>टोखा नगरपालिका वडा नं. ४ र ६ मा बालमैत्री वडाका सूचकहरु पुरा भएकोले मिति २०८३ जेठ २९ गते उक्त वडाहरुलाई बालमैत्री वडा घोषणा गर्ने ।साथै, बालमैत्री घोषणालाई उत्सबको रुपमा मनाउन वडा नं. ४ र ६ का सम्पूर्ण विद्यालयहरुमा विदा दिने ।</td></tr>
<tr><td>१८</td><td>सामुदायिक फार्मेसीलाई २० प्रतिशत रकम भुक्तानी सम्बन्धमा</td><td>टोखा नगरपालिका वडा नं. ७ मा रहेको सामुदायिक फार्मेसीलाई सहुलियत औषधिविक्री वापत २० प्रतिशत अनुदान रकम भुक्तानी गर्ने ।</td></tr>
<tr><td>१९</td><td>औषधि उचार सहयोग ।</td><td>१. टोखा नगरपालिका वडा नं. ३ वस्ने सस्मीता तामाङ्ग स्वास्थ्य उपचारमा रहेको निजलाई औषधी उचार सहयोगको लागि रु. एक लाख औषधि उपचार खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट औषधी उपचार सहयोग भुक्तानी उपलव्ध गराउने ।</td></tr>
</table>

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | २. वडा नं. ६ बस्ने विन्द्रला श्रेष्ठको छोरा विभस श्रेष्ठ ढाड तथा हड्डीको शल्यक्रिया गरी स्वास्थ्य उपचारमा रहेको निजलाई औषधी उचार सहयोगको लागि रु. २० हजार औषधि उपचार खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट औषधी उपचार सहयोग भुक्तानी उपलब्ध गराउने ।<br>३. टोखा नगरपालिका वडा नं. २ बस्ने लक्ष्मी हिङमाङ स्वास्थ्य उपचारमा रहेको निजलाई औषधी उचार सहयोगको लागि रु. ३० हजार औषधी उपचार खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट औषधी उपचार सहयोग भुक्तानी उपलब्ध गराउने । |
| २० | आयोजना कार्यान्वयन सम्बन्धमा । | १. टोखा नगरपालिका वडा नं. ३ स्थित दुथांदु जाने सपनतिर्थ खोलामा पुल नहुदाँ यातायातको समस्या भएकोभनी व्यापक जनगुनासो भएको सो स्थानमा पुल निर्माण जग्गा सम्बन्धी समस्याका कारण तत्काल संभव नभएकोले जग्गा सम्बन्धी समस्या समाधान लगायत साईट क्लियरेयन्स सम्बन्धी अन्य कार्य एवं बजेट व्यवस्थापनको लागि पहल गर्दै उक्त स्थानका नागरिकहरुको सहज आवतजातको लागि तत्काल अस्थायी संरचनाको रुपमा खोलामा ह्युमपाईप राखी यातायात संचालनको व्यवस्था मिलाउने गरी कार्य प्रकृया अगाडि बढाउने । सोको लागि लाग्ने खर्च १८ नगरसभाको सि.नं. २६ मा विनियोजित रकम मध्येबाट उपलब्ध गराउने ।<br>२. टोखा नगरपालिका वडा नं. ३ स्थित कशीनारायण डंगोलको घरदेखि शशी नेपाल तथा दिपक लम्सालको घर सम्म जाने सडक मर्मत एवं स्तरोन्नतीको आयोजना स्वीकृत गरी आवतजावतलाई सहज बनाउत तत्काल कार्य अगाडि बढाउने साथै उक्त कार्यको लागि लागत अनुमान बमोजिम रु. ३ लाख ६० हजार १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । |
| २१ | सडक विस्तार कार्यको आयोजना कार्यान्वयन सम्बन्धमा। | टोखा नगरपालिका वडा नं. ४ स्थित राम श्रेष्ठको घर देखि महेश थापाको घरसम्मको बाटो विस्तार सहित स्तरोन्नति र मन्जु कार्कीको घर देखि अजय श्रेष्ठको घर सम्मको बाटो विस्तार सहित स्तरोन्नतिको आयोजना स्वीकृत भई रकम समेत विनियोजन भएको उक्त स्थानमा सडक साँघुरो भई सवारीसाधन तथा पैदलयात्रु आवतजावतमा समस्या उत्पन्न भएकोले सम्वन्धित स्थानीयवासीसंग साविकमा कायम रहेको सडकको दायाँवायाँ रहेका संरचना नगरपालिकाको खर्चमा भत्काई दायाँबायाँ सडक विस्तार गरी साविकका संरचनाहरु पुनःनिर्माण गर्ने सहमति भएकोले सोको आधारमा उल्लेखित कार्यको लागि नगरपालिका तथा अन्य निकायबाट आयोजना स्वीकृत तथा रकम विनियोजन भए पश्चात सो को कार्यान्वयनको लागि स्थानीय बासीसँगको सहमति अनुसार विस्तार हुने सडक क्षेत्र भित्र पर्ने संरचना भत्काई सडक विस्तार गरी सडक विस्तारको क्रममा क्षति हुन गएका संरचना (वाल कम्पाउण्ड, विधुत पोल सार्ने, लगायतका विस्तारित सडकक्षेत्र भित्र पर्ने संरचना) पुनः निर्माण गर्ने गरी स्वीकृत आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने । |
| २२ | ठेक्का नं. संशोधन सम्बन्धमा । | नगरसभाको १७ औं अधिवेशन बैठकको सि.नं. १०६ मा सामुदायिक विद्यालयको स्मार्ट बोर्ड/ डिजिटल बोर्ड (ठेक्का नं ३२/NCB/TM/G/२०८१-८२) भएकोमा आगामी नगरसभाबाट अनुमोदन हुने गरी सो लाई संशोधन गरी (ठेक्का नं ३५/NCB/TM/G/२०८२-८३) कायम गर्ने । |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| २३ | रकमान्तर सम्बन्धमा । | नगरपालिका नगरसभाको १७ औं अधिवेशनबाट स्वीकृत गरेको तपशिल बमोजिमका खर्च शिर्षक/कार्यक्रमहरुमध्येवाट आगामी नगरसभावाट अनुमोदन हुने गरी खर्च शिर्षक नं. २२३१५ मा रकमान्तर गर्ने । |

| क्र.स | क्रियाकलाप (बार्षिक योजना किताबको सि.नं.) | खर्च संकेत नं. | रकमान्तर हुने रकम (रु. हजारमा) | रकमान्तर हुने खर्च उपशिर्षक | विनियोजन हुने रकम |
|---|---|---|---|---|---|
| १ | (Metric Street Addressing System) घर नम्वर बितरणको प्लेट निर्माण ( ठेक्का नं. ) (२७७) | २२४१२ | ५००० | २२३१५ | ५००० |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| २४ | विद्यालयको कक्षा थप तथा नाम परिवर्तन सम्बन्धमा । | टोखा नगरपालिका नगरशिक्षा समितिको सिफारिसको आधारमा टोखा नगरपालिका भित्र संचालित तपशिल बमोजिमका विद्यालयहरुको कक्षा थप र नाम परिवर्तनको लागि अनुमति प्रदान गर्ने । |

क. नाम परिवर्तनको लागि अनुमति प्रदान गरिएका विद्यालयको विवरण:-

| क्र.स | साविकको नाम | हाल कायम हुने नाम | वडा नं. | कै. |
|---|---|---|---|---|
| १ | कुसुम इन्टरनेशलन एकेडेमी | कुसुम एकेडेमी | ६ | |

ख. कक्षा थपको लागि अनुमति प्रदान गरिएको विद्यालयको विवरण:

| क्र.स | विद्यालयको नाम | वडा नं. | अनुमति दिईएको थप कक्षा | कै |
|---|---|---|---|---|
| १ | कुसुम एकेडेमी | ६ | ६ | |
| २ | साउथ वेस्ट्रर्न स्टेट कलेज | ७ | कक्षाा ११ मा फाइन आर्ट विषयको थप कक्षा संचालन | |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| २५ | स्वास्थ्य संस्था दर्ता अनुमति सम्बन्धमा । | तपशिल बमोजिमका स्वास्थ्य संस्थाहरुलाई टोखा नगरपालिका स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०७९ बमोजिम दर्ता गरी तपशिल बमोजिम सेवा संचालनको लागि स्वीकृति प्रदान गर्ने । |

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | सेवाको प्रकार | कै. |
|---|---|---|---|---|
| १ | काठमाडौं नेचुरोपेथी अस्पताल | टोखा-५ | वहिरंग,पंचकर्म, अन्तरंग, अकुपंचर, योग, नेचुरोपेथी र | |

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>प्रयोगशाला (नमुना संकलन मात्र) सेवा</td><td></td><td></td></tr>
<tr><td>२</td><td>विकेयर क्लिनिक</td><td>टोखा-३</td><td>OPD,रेडियोलोजी (USG/ECG मात्र) माईनर सर्जरी</td><td></td><td></td></tr>
</table>
</td></tr>
<tr><td>२६</td><td>चीनको सानान सहर, सिजाङ स्वायत क्षेत्रमा अनार वीउ कप, २०२६ मा सहभागि सम्बन्धमा ।</td><td>टोखा नगरपालिका वडा नं. २ स्थित श्री भगवती क्लव ए डिभिजनमा स्तरोन्नतीसँगै नगरपालिकाबाट फुटवल सम्बन्धी विभिन्न गतिविधिहरु संचालनका लागि क्लवलाई उपलब्ध गराउने सहयोग रकम मध्येबाट मोफसलमा हुने विभिन्न फुटवल प्रतियोगिताहरुमा सहभागि हुनको लागि विनियोजित रकमबाट अधिकतम् रु. १० लाख सम्म चीनको सानान सहर, सिजाङ स्वायत क्षेत्रमा अनार वीउ कप, २०२६ मा सहभागि हुने खेलाडी तथा अफिसियल टिमको लागि आवश्यक खर्च गर्न आगामी नगरसभाबाट अनुमोदन हुने गरी सहमति दिने ।</td></tr>
<tr><td>२७</td><td>पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धमा ।</td><td>१. स्थानीय पाठ्यक्रम हाम्रो टोखा विषयको कक्षा ५, ६ र ७ को परिमार्जित पाठ्यक्रम स्वीकृत गर्ने ।साथै, परीक्षणको रुपमा पठन पाठन शुरुगर्न सहमति दिने ।<br>२. स्थानीय पाठ्यक्रम अन्तर्गतको सूचना प्रविधि (कक्षा ६ देखि ८) को पाठ्यक्रम स्वीकृत गर्ने, कक्षा ६ को पाठ्यपुस्तक लेखन कार्य गर्न सहमति दिने ।<br>३. हाम्रो टोखा विषयको कक्षा १ देखि ४ र कक्षा ८ को पाठ्यपुस्तकमा भएका त्रुटीलाई संशोधन गरी पाठ्यपुस्तक परिमार्जन गरी छपाई गर्ने ।</td></tr>
<tr><td>२८</td><td>अनुदान निकासा/ हस्तान्तरण सम्बन्धमा ।</td><td>भूमि प्रशासन कार्यालय डिल्लीबजारको मिति २०८३/२/११, च.नं. १२७२० को पत्राबाट लिखत व्यवस्थापन गर्ने कार्य सहजिकरणको लागि ट्रस निर्माण तथा कोठा थप एवं तामेली र्‍याक निर्माणको लागि रु १२ लाख फर्निचर तथा फिक्चरमा विनियोजित रकम मध्येबाट गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी भूमि प्रशासन कार्यालय डिल्लीबजार काठमाडौंलाई रु. १२ लाख अनुदान निकासा उपलब्ध गराउने ।</td></tr>
<tr><td>२९</td><td>भेरिएसन सम्बन्धमा ।</td><td>१. टोखा नगरपालिका वडा नं. ३ स्थित वानियाँटार हाईटको भित्री टोल कार्की टोल जाने बाटो तथा ढल स्तरोन्नती कार्यको लागि वर्शना कन्स्ट्रक्सन फर्म, तारकेश्वर, काठमाडौं ( पान नं. ३०१६३०६६५) सँग मिति २०८२-११-२८ मा सम्झौता भएकोमा फिल्डको अवस्था अनुसार जग्गाको सिमाना विवाद हुदाँ साविक लागत अनुमानमा उल्लेख भएको पाईप र मंगाल लगायतका आईटमहरुको कार्य गर्न नसक्ने स्थिति सिर्जन भएकोले साविक सम्झौतामा समावेश भएको भन्दा घट परिमाण कार्य गर्नु पर्ने भएकोले उक्त घट गर्नुपर्ने कार्यको परिमाण सम्झौताको लागत दर बमोजिम हिसाव गर्दा हुन आउने शुरु सम्झौता रकम ९३५१११.४८ (भ्याट समेत) भन्दा घटी रकम रु. ५९५०७५.८४ (भ्याट समेत) अर्थात ३६.३६ प्रतिशत घटी भेरिएसन बमोजिमको</td></tr>
</table>

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | कार्य गर्न सम्बन्धित कन्स्ट्रक्सनलाई भेरियसन आदेश जारी गर्ने ।<br>२. टोखा नगरपालिका वडा नं. ३ स्थित सत्यसाई टोल अन्तर्गत चरमार्गमा ह्युमपाईप जडान कार्यको लागि श्री सत्य साई टोल उपभोक्ता समिति सँग मिति २०८३-१-१५ मा सम्झौता भएकोमा बाटो विस्तार गरी ह्युम पाईप र DWC पाईप राख्ने ठाउँमा माटो भर्नु पर्ने र उक्त बाटोको लम्बाई कम हुन गएको हुदाँ ३०० मि.मि.DWC पाईप र माटो भर्ने परिणाम कम हुन गएको हुदाँ साविक सम्झौतामा समावेश भएको भन्दा घट परिमाण कार्य गर्नु पर्ने भएकोले उक्त घट गर्नुपर्ने कार्यको परिमाण सम्झौताको लागत दर बमोजिम हिसाव गर्दा हुन आउने शुरु सम्झौता रकम ५५००४१.३० (भ्याट समेत) भन्दा घटी रकम रु. ४६२१२२.६५ (भ्याट, कन्टिजेन्सी समेत) अर्थात १५.९८ प्रतिशत घटी भेरिएसन बमोजिमको कार्य गर्न सम्बन्धित कन्स्ट्रक्सनलाई भेरियसन आदेश जारी गर्ने । |
| ३० | घर नम्बर वितरण प्रणाली प्रतिवेदन सम्बन्धमा । | टोखा नगरपालिकाको घर नम्बर वितरण प्रणाली ठेक्का नं. **01/NCB/TM/C/RFP/2080/81; Integrated Metric Addressing System and Mobile App for Public Support in Tokha Municipality** को परामर्श सेवाको अन्तिम प्रतिवेदन स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. २७७ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलब्ध गराउने । |

(निर्णय प्रमाणित)